**28th of Nov**

**आकाशवाणी**

**मुख्य समाचार**

- **संसदका दुबै सदनको कार्यवाही आज पनि दिनभरका लागि स्थगित**
- **भारतको रक्षा क्षमताले विश्वको ध्यान खिच्यीरहेको राष्ट्रपतिको दावी।**
- **प्रधानमन्त्रीद्वारा भारतीय इतिहास र संस्कृतिप्रतिको वैश्विक उत्साहप्रति प्रसन्नता व्यक्त**
- **चौथोपटक श्री हेमन्त सोरेनले झारखण्डको मुख्यमन्त्री पदको लिनुभयो शपथ**
- **भारतद्वारा बंगलादेशमा हिन्दु र अल्पसंख्यकहरूको सुरक्षाको माग**

**संसदका दुबै सदनको कार्यवाही आज पनि दिनभरका लागि स्थगित**

संसदका दुबै सदनको कार्यवाही आज पनि दिनभरका लागि स्थगित गरियो। बिहान जब लोकसभाको कार्यवाही सुरु भयो, कंग्रेस, समाजवादी पार्टी, डीएमके र अन्य विपक्षी दलहरूले एक प्रमुख व्यापारिक समूहसँग सम्बन्धित कथित घुसखोरीको आरोपलगायत विभिन्न विषयमा हंगामा गरे। स्थगनपछि 12 बजे राज्यसभाको कार्यवाही पुनः सुरु भयो। कंग्रेस, डीएमके, तृणमूल कंग्रेस, समाजवादी पार्टी, आम आदमी पार्टी र अन्य दलका सदस्यहरूले हंगामा जारी राखे, जसपछि सदनलाई दिनभरका लागि स्थगित गरियो।

राज्यसभाका सभापति श्री जगदीप धनखडले विपक्षी सदस्यहरूलाई आफ्नो आसनमा फर्किन आग्रह गर्नुभयो, तर उनीहरूले नाराबाजी जारी राखे। सभापति श्री घनखडले संसद सार्थक छलफलको लागि एक मञ्च रहेको बताउँदै सदस्यहरूलाई, सदनलाई सुचारु रूपले चलाउन सहयोग गर्न आग्रह गर्नुभयो। संसदको कार्यवाहीमा विघ्न पुर्‍याउनाले लोकतन्त्रको आधारलाई कमजोर बनाउने पनि उहाँले बताउनुभयो। स्थगनपछि दिउँसो 12 बजे जब लोकसभाको कार्यवाही सुरु भयो, विपक्षी सदस्यहरूले नाराबाजी गर्दै सदनको बीचमा प्रवेश गरे। लोकसभा अध्यक्षले सदस्यहरूलाई सदनको गरिमा कायम राख्न आग्रह गर्नुभयो। त्यसपछि सदनलाई दिनभरका लागि स्थगित गरियो।

संसदीय कार्य मन्त्री श्री किरेन रिजिजूले सदनमा विपक्षको व्यवहारको निन्दा गर्नुभयो। उहाँले कंग्रेस र अन्य विपक्षी सदस्यहरूले अनावश्यक हंगामा गर्न खोजिरहेको र नयाँ सदस्यहरूलाई आफ्नो कुरा राख्न नदिरहेको बताउनुभयो। यसबीच, वक्फ (संशोधन) विधेयक, 2024-का लागि संयुक्त संसदीय समितिका अध्यक्ष श्री जगदम्बिका पालले समितिको प्रतिवेदन प्रस्तुत गर्नका लागि बजेट सत्र, 2025-को अन्तिम दिनसम्म समय बढाउने प्रस्ताव राख्नुभयो। सदनले उक्त प्रस्तावलाई स्वीकृति दियो। यसअघि, हालैका उपचुनावमा विजयी कंग्रेस नेता श्रीमती प्रियंका गांधी वाड्रा र श्री रवींद्र वसंतराव चव्हाणले लोकसभामा सांसदको रूपमा शपथ लिनुभयो।

**भारतको रक्षा क्षमताले विश्वको ध्यान खिच्यीरहेको राष्ट्रपति मुर्मुको दावी।**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले भारतको रक्षा क्षमताले विश्वभर ध्यान आकर्षित गरेको बताउनुभएको छ। वेलिङ्टन ओटीस्थित डिफेन्स सर्भिसेज स्टाफ ट्रेनिङ कलेजमा आयोजित कार्यक्रममा सम्बोधन गर्दै उहाँले रक्षा बलमा महिलाहरूको सक्रिय सहभागिता देशका लागि गर्वको विषय भएको उल्लेख गर्नुभयो। उहाँले हालै विश्वको सबैभन्दा अग्लो युद्धक्षेत्र सियाचिनको भ्रमणको अनुभव साझा गर्दै त्यहाँ महिला सैनिकहरूले कठिन र चुनौतीपूर्ण परिस्थितिमा समेत अदम्य साहस र दृढता प्रदर्शन गरेको बताउनुभयो। राष्ट्रपति श्रीमती मुर्मुले गोवामा युवा र ऊर्जावान अग्निवीरहरूसँग भेटघाट गर्नु अविस्मरणीय अनुभव भएको पनि बताउनुभयो। देशको सुरक्षाका लागि आफ्ना प्रियजनलाई सेनामा पठाउने परिवारहरूको समर्पणको प्रशंसा गर्दै राष्ट्रपतिले भारतका रक्षा उत्पादनहरूको उत्कृष्ट गुणस्तरको उच्च मूल्याङ्कन गर्नुभयो। उहाँले भारतलाई उच्च विशेषज्ञता भएको विश्वसनीय रक्षा साझेदारका रूपमा चित्रित गर्दै देश आत्मनिर्भरताको बाटोमा दृढताका साथ अघि बढिरहेको बताउनुभयो। भारतले हाल १०० भन्दा बढी देशहरूमा रक्षा उपकरणहरू निर्यात गरिरहेको जानकारी दिँदै उहाँले अत्याधुनिक प्रविधिमा भएका नवप्रवर्तनहरूले भविष्यका चुनौतीहरूको समाधान गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

**प्रधानमन्त्रीद्वारा भारतीय इतिहास र संस्कृतिप्रतिको वैश्विक उत्साहप्रति प्रसन्नता व्यक्त**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भारतीय इतिहास र संस्कृतिप्रतिको विश्वव्यापी उत्साहप्रति खुशी व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमा गरिएको एक पोस्टमार्फत प्रधानमन्त्री श्री मोदीले भारतीय संस्कृति आज विश्वव्यापी रूपमा गुञ्जिरहेको बताउनुभएको छ।

उहाँले आफ्ना विदेश यात्राका केही झलकहरू साझा गर्दै भारतीय इतिहास र संस्कृतिप्रतिको यो अपार उत्साह अत्यन्त प्रेरणादायक रहेको उल्लेख गर्नुभयो। प्रधानमन्त्रीले भारतीय संस्कृतिको गहिरो प्रभावले विश्वलाई जोड्ने र मानवताका लागि प्रेरणाको स्रोत बन्ने विश्वास पनि व्यक्त गर्नुभएको छ।

**चौथोपटक श्री हेमन्त सोरेनले झारखण्डको मुख्यमन्त्री पदको   लिनुभयो शपथ**

झारखण्ड मुक्ति मोर्चाका नेता श्री हेमन्त सोरेनले आज चौथोपटक झारखण्ड राज्यको मुख्यमन्त्री पदको शपथ लिनुभएको छ। झारखण्डको राजधानी राँचीको मोरहा-बादी मैदानमा आयोजित एक विशेष समारोहमा राज्यपाल श्री सन्तोष कुमार गंगवारले उहाँलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो। यो अवसरमा कांग्रेसका अध्यक्ष श्री मल्लिकार्जुन खडगे, लोकसभामा प्रतिपक्षका नेता श्री राहुल गान्धी, पश्चिम बंगालकी मुख्यमन्त्री श्रीमती ममता बनर्जी, पंजाबका मुख्यमन्त्री श्री भगवन्त मान, दिल्लीका पूर्व मुख्यमन्त्री श्री अरविन्द केजरीवाल, र कर्नाटकका उपमुख्यमन्त्री श्री डी.के. शिवकुमारलगायत इन्डिया गठबन्धनका प्रमुख नेताहरू उपस्थित थिए। समारोहमा समाजवादी पार्टीका अध्यक्ष श्री अखिलेश यादव, राष्ट्रिय जनता दलका नेता श्री तेजस्वी यादव, र भारतीय कम्युनिस्ट पार्टी-मार्क्सवादी लेनिनवादीका महासचिव श्री दीपांकर भट्टाचार्य पनि सहभागी हुनुभएको थियो। मुख्यमन्त्री श्री हेमन्त सोरेनले विधानसभामा विश्वास मत प्राप्त गरेपछि आफ्नो मन्त्रिमण्डलको गठन गर्नुहुनेछ।

**तेज गतिमा रेलगाडी निर्माण कार्य सुरु भएको रेलमन्त्री श्री वैष्णवीको भनाई।**

सरकारले आज लोकसभामा जानकारी दिएको छ कि भारतीय रेलले तीव्र गतिमा चल्ने रेलगाडीको डिजाइन र निर्माण कार्य सुरु गरिसकेको छ। रेलमन्त्री श्री अश्विनी वैष्णवले बताउनु भएको छ कि इंटीग्रल कोच फ्याक्ट्रीले सरकारी उपक्रम BEMLको सहकार्यमा यो रेलगाडीको डिजाइन र निर्माण गरिरहेको छ। तीव्र गतिमा चल्ने यो रेलगाडीको अधिकतम गति 280 किलोमिटर प्रतिघण्टा हुनेछ। यस्ता हरेक रेलगाडी निर्माणको लागत करिब 28 करोड भारतीय रुपैयाँ हुने अनुमान गरिएको छ। रेलमन्त्रीले वन्दे भारत एक्सप्रेस रेलगाडीको सफलताको पनि चर्चा गर्नुभयो। उहाँका अनुसार वन्दे भारत रेलगाडीहरूको यात्रु क्षमता 100 प्रतिशतभन्दा बढी रहेको  जानकारी दिँदै , रेल सेवाहरूको गति घटाउने कुनै प्रस्ताव नभएको उहाँ स्पष्ट पार्नुभयो।

**भारतद्वारा बंगलादेशमा हिन्दु र अल्पसंख्यकहरूको सुरक्षाको माग**

भारतले बंगलादेश सरकारलाई हिन्दुहरू र अन्य सबै अल्पसंख्यकहरूको जीवन, स्वतन्त्रता, तथा उनीहरूको पूजास्थलहरूको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेको छ। विदेश राज्य मन्त्री श्री कीर्ति वर्धन सिंहले आज राज्यसभामा यो जानकारी दिनुभएको हो। उहाँका अनुसार, अल्पसंख्यकहरू सहित सबै नागरिकहरूको सुरक्षा बंगलादेश सरकारको प्राथमिक जिम्मेवारी हो। उहाले पछिल्ला केही महिनामा बंगलादेशमा मन्दिर र देवताहरूको मूर्तिहरू तोडफोड गरिएका घटनाहरू माथि प्रकाश पार्नुभएको छ। भारतले यी घटनाहरू रोक्नका लागि आवश्यक कदम चाल्न बंगलादेश सरकारलाई आग्रह गर्दै धार्मिक सहिष्णुता र अल्पसंख्यकहरूको अधिकारको संरक्षण सुनिश्चित गर्न जोड दिएको छ।

**सैयद मोदी ब्याडमिन्टन टूर्नामेन्ट: लक्ष्य सेन र पी.भी. सिन्धु क्वार्टरफाइनलमा**

लखनउमा जारी सैयद मोदी अन्तर्राष्ट्रिय ब्याडमिन्टन प्रतियोगितामा पुरुष एकलतर्फ भारतका शीर्ष  खेलाडी लक्ष्य सेन क्वार्टरफाइनलमा पुगेका छन्। उनले इजरायलका डेनिल डुबो-वेन्कोलाई पराजित गरेका छन् भने यसै वर्गमा मीराबा- लुआंग मैसनाम र आयुष शेट्टीले पनि अन्तिम आठमा स्थान बनाएका छन्। महिला एकलतर्फ पी.भी. सिन्धुले इरा शर्मालाई  हराउँदै क्वार्टरफाइनलमा स्थान सुरक्षित गरिन्। साथै, उन्नमति हुड्डा र श्रियांशी वालीशेट्टीले पनि अन्तिम आठमा स्थान पक्का गरेका छन्।

**मुख्य समाचार फेरि एकपल्ट**

- **संसदका दुबै सदनको कार्यवाही आज पनि दिनभरका लागि स्थगित**
- **भारतको रक्षा क्षमताले विश्वको ध्यान खिच्यीरहेको राष्ट्रपति मुर्मुको दावी।**
- **प्रधानमन्त्रीद्वारा भारतीय इतिहास र संस्कृतिप्रतिको वैश्विक उत्साहप्रति प्रसन्नता व्यक्त**
- **चौथोपटक श्री हेमन्त सोरेनले झारखण्डको मुख्यमन्त्री पदको   लिनुभयो शपथ**
- **भारतद्वारा बंगलादेशमा हिन्दु र अल्पसंख्यकहरूको सुरक्षाको माग**